AUSCO

अष्ट्रेलियन सांस्कृतिक अभिमुखीकरण कार्यक्रम

# रोजगार अधिकार र शर्तहरू

सजिलोसँग पढ्ने

## तपाईंले काममा के अपेक्षा गर्नुपर्दछ




जब तपाईंसँग जागिर छ र अष्ट्रेलियामा काम गर्नु हुन्छ तपाईंको अधिकार छ।





तपाईंका अधिकारहरूले निश्चित गर्छ कि:

- तपाईंले गरेको कामको लागि सही तलब भुक्तानी भएको




- सही घण्टाको लागि भुक्तान गरिएको




- तपाईं भुक्तानी भत्ताहरू वा थप पैसा पाउनका लागि योग्य हुनुहुन्छ जस्तै
  - साधारण समय भन्दा बढी अधिक घण्टा काम गरेको समयको लागि (ओभरटाईम)
  - पेनाल्टी दर – सप्ताहअन्तमा वा सार्वजनिक बिदाहरूमा गरेको कामको लागि उच्च दरको भुक्तानी



- यदि तपाईंलाई आवश्यक पर्दा बिरामी छुट्टी



- काम गर्न सुरक्षित स्थान




तपाईंको ब्यवसायिक युनियनमा सामेल हुन पनि अधिकार छ।



ब्यवसायिक युनियन एक संगठन हो जसले उस्तै प्रकारको काम गर्ने व्यक्तिहरूको हितको लागि काम गर्दछ।



त्यहाँका व्यक्तिहरूले तपाईंको अधिकारहरू पत्ता लगाउन मद्दत गर्छ:

- तपाईंको रोजगारदाता





- तपाईंको प्रस्तावक





- तपाईंको केसवर्कर



तपाईं बस्ने राज्य अनुसार तपाईंको विभिन्न अधिकारहरू हुन सक्छ।


# कार्य सर्तहरू



जागिरमा धेरै फरक परिस्थिति हुन सक्छ।

यदि तपाईंको काम स्थायी छ भने तपाईंले थप सुविधाहरू पाउनुहुनेछ:

- बिरामी बिदा
- सशुल्क छुट्टिहरू





यदि तपाईंको काम आकस्मिक (क्याजुल) छ भने तपाईंले काम गर्ने घण्टाको लागि मात्र भुक्तानी पाउनुहुन्छ।


तपाईंले यसरी काम गर्न सक्नुहुनेछ:




- पूर्ण-समय – प्रत्येक दिन




- अंशकालिक – केहि दिन




- कार्यलय समयमा – बिहान ९ देखि दिँऊसो ५ बजे



- रातमा



यदि तपाईंले आवश्यक घण्टामा काम गर्न सक्नुहुन्छ भने मात्र तपाईंले काम लिनु पर्छ।

अरू महत्त्वपूर्ण चीजहरूले तपाईंले काम गर्न सक्ने घण्टामा असर पार्न सक्छ:



- परिवार



- शिक्षा प्रतिबद्धताहरू
  - तपाईंले गर्नु पर्ने प्रशिक्षण
  - तपाईंले लिनु पर्ने कक्षाहरू



फेयरवर्क (Fairwork) को वेबसाइटमा अधिक जानकारी पाउन सक्नुहुन्छ।

www.fairwork.gov.au


# तपाईंको तलबको पैसा




कहिलेकाहीं तपाईंको भुक्तानबाट महत्त्वपूर्ण कुराहरूको लागि पैसा कटाईएको हुन्छ।

यसलाई कटौती भनिन्छ।

कटौतीका लागि कटौती गर्न सकिन्छ:




- कर – सरकारलाई तिर्न आवश्यक पैसा




- यूनियन शुल्क यदि तपाईं यूनियन भाग हुनुहुन्छ भने




- अन्य लाभहरू



तपाईंले आफ्नो काम सुरु गर्दा तपाईंले आफ्नो कटौतीको बारेमा बताउनका लागि काम गर्ने व्यक्तिहरूलाई सोध्नुहोस्।




तपाईं बिल वा भाडा तिर्न को लागी पैसा कटाउने छनौट गर्न पनि सक्नुहुन्छ।

## पेन्सन वा सुपरएन्युएसन




सुपरएनुएसन तपाई अवकाश लिदाँको समयको लागि पैसा बचत गर्ने एक तरिका हो।




मान्छेहरू ६५ वर्ष पुगिसके पछि काम गर्न छोड्नु सामान्य छ – अवकाश।




जागिर हुने सबैले एक सुपरएनुएसन कोष खोल्नु पर्दछ।

कानून अन्तर्गत, तपाईंको रोजगारदाताले तपाईंको सुपरएनुएसन कोषमा पैसा जम्मा गर्नु आवश्यक छ।




यदि तपाईं चाहानुहुन्छ भने तपाईंले आफ्नो सुपरएनुएसन कोषमा अतिरिक्त पैसा पनि राख्न सक्नुहुन्छ।



तपाईं अष्ट्रेलियन कर कार्यलय (Australian Taxation Office - ATO) र मनिस्मार्ट (Moneysmart) वेबसाइटहरूमा सुपरएनुएसन बारे थप जानकारी पाउन सक्नुहुन्छ।

- www.ato.gov.au/super/
- www.moneysmart.gov.au/superannuation-and-retirement

# काममा स्वास्थ्य र सुरक्षा




प्रत्येक राज्य र प्रान्तमा मानिसहरूलाई काममा सुरक्षित राख्न मद्दत गर्ने नियमहरू छन् गर्छन् ।

यी नियमहरूले:



- तपाईंलाई काम गर्न सुरक्षित स्थान दिन्छ र यदि तपाईंलाई आवश्यक छ भने तपाईंले सहयोग लिन सक्नुहुनेछ



- सुरक्षित नभएका कुराहरूको बारेमा तपाईंलाई प्रशिक्षण दिन्छ



- तपाईं काममा हुँदा स्वस्थ हुनुहुन्छ भन्ने कुरा सुनिश्चित गर्छ




- स्वास्थ्य र सुरक्षा बारेमा धेरै थाहा हुने र अरूलाई मदत गर्न सक्ने गर्ने कर्मचारीहरू राख्छ




तपाईंले काम गर्ने स्वास्थ्य र सुरक्षाको बारेमा नियमहरू पालना गर्न आवश्यक छ।

तपाईंले:



- तपाईंका प्रबन्धकहरूले के भन्छन् गर्नु पर्छ



- तपाईंलाई सुरक्षित गर्ने लुगा लगाउनु पर्छ



- तपाईंको कार्यहरूले तपाईं वा अन्य मानिसहरूलाई चोट नपुर्याउन सुनिश्चित गर्नु पर्छ



सेफवर्क (Safework) वेबसाइटमा थप जानकारी पाउन सक्नुहुन्छ ।

www.safeworkaustralia.gov.au

यो पृष्ठ जानीबुझी खाली राखिएको हो

Australian Government
Department of Social Services

अष्ट्रेलियन सामाजिक सेवा विभागको तर्फबाट अन्तर्राष्ट्रिय
आप्रवासन संगठन द्वारा प्रदान गरिएको

IOM • OIM